नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई

## धनुषा

## पुनः प्रस्ताव आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशन मिति : २०८१/०१/३१**

यस कार्यालयको चालु आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालनको लागि यस अघि विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम पर्याप्त संख्यामा रित पूर्वकको आवेदन/प्रस्ताव नपरेकोले स्वीकृत जम्मा लक्ष्यमा नगुप परिमाणका लागि अन्तिम पटकको लागि पुनः एकपटक आवेदन गर्न पाउने गरि यस परियोजना कार्यान्वयन एकाई धनुषा र जोन प्राविधिक एकाई महोत्तरीको कार्यक्षेत्र भित्रका सम्बन्धित सबै सूचिकृत (नयाँ सूचिकृत हुन चाहने समेत) कृषक समुह/सहकारी संस्था/जल वा वन उपभोक्ता समिति/कृषि उद्यमी/फर्महरुले यो सूचना प्रकाशन भएको मितिले सात दिन अर्थात् मिति २०८१/०२/०६ गते भित्र यस कार्यालय वा जोन प्राविधिक एकाई महोत्तरीको कार्यालय जलेश्वरमा प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस म्याद भित्र समेत कुनै कार्यक्रममा लक्ष्य अनुरुपको पर्याप्त संख्यामा रित पुर्वकको आवेदन पेश हुन नआएमा उक्त मिति पश्चात् ति कार्यक्रमका लागि इच्छुक र योग्य आवेदकबाट कार्यालयले सोझै आवेदन लिई समेत कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।

तपसिल :

| क. स. | कार्यक्रमको नाम | जम्मा स्वीकृत लक्ष्य परिमाण | कार्यक्रम संचालन हुने क्षेत्र | सहजीकरण |
|---|---|---|---|---|
| १. | आँप बगैंचामा अन्तरबाली कार्यक्रम (अदुवा/बेसार) | २० हे. | आँप जोन, धनुषा | कार्यक्रम अनुसार |
| २. | मसिना धान प्रवर्द्धन कार्यक्रम (हर्दिनाथ-६, कालो नुनिया/करिया कमोद, बासमती र रैथाने मसिना/वास्नादार जातहरु) | ८० हे. | धनुषा र महोत्तरी जिल्लाभरी (सिंचित क्षेत्र) | |
| ३. | धान बीज वृद्धि कार्यक्रम (न्यूनतम १ हे. प्लट साइज) | १५ हे. | | |
| ४. | राइसमील मोडल कार्यक्रम संचालनको लागि मसिना/बास्नादार धान क्षेत्र विस्तारको लागि ५०% अनुदानमा बीउ वितरण | १२५ हे. | राइसमील मोडलमा कार्य गर्ने धानमीलको कार्यक्षेत्र सबैला न.पा. र चारनाथ न.पा. वडा नं. ९, १०, ११ | |
| ५. | जिउँदो माछा पसल स्थापना तथा सुदृढीकरण (माछा जोन महोत्तरी) | २ संख्या | जोन क्षेत्रलाई प्राथमिकता हुने गरि मुख्य बजार केन्द्रहरु, महोत्तरी जिल्ला भरि | |
| ६. | कोल्ड रुम निर्माण (तरकारी जोन, महोत्तरी) | १ वटा | | |
| ७. | साना सिंचाई कार्यक्रम (आँप जोन, धनुषा) | २० वटा | आँप जोन, धनुषा | आँप क्षेत्र विस्तार र अन्तरबाली कार्यक्रम आवेदकलाई प्राथमिकता हुनेछ |
| ८. | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (आँप) | २० हेक्टर | आँप जोन, धनुषा | कार्यक्रम अनुसार |
| ९. | मत्स्य पोखरी निर्माण | २७ हेक्टर | माछा जोन महोत्तरी र माछा सुपरजोन धनुषा | न्यूनतम जलाशय क्षेत्रफल ०.५ हे. |
| १०. | चक्लाबन्दीमा आधारित खेती मार्फत् उत्पादन वृद्धिका लागि पूँजिगत सहयोग | २ वटा | जोन/सुपरजोन क्षेत्रलाई प्राथमिकता हुने गरि धनुषा र महोत्तरी जिल्लाभरी | कार्यक्रम अनुसार |
| ११ | चक्लाबन्दीमा तरकारी खेती व्यवसाय प्रवर्द्धनका लागि साना ढुवानी साधनमा अनुदान सहयोग | १ पटक | | |

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
धनुषा

**कार्यक्षेत्र :**

| जिल्ला | जोन/सुपरजोन | गा.पा./न.पा.हरु |
|---|---|---|
| धनुषा | माछा सुपरजोन | औरही गाउँपालिका, जनकनन्दनी गाउँपालिका, कमला नगरपालिका, विदेह नगरपालिका, हँसपुर नगरपालिका, शहिद नगरपालिका, जनकपुर उप-महानगरपालिका, धनुषाधाम नगरपालिका, सबैला नगरपालिका, मिथिला विहारी नगरपालिका, धनौजी गाउँपालिका, लक्ष्मीनिया गाउँपालिका र क्षिरेश्वरनाथ न.पा., तथा **बटेश्वर गा.पा. वडा नं. ५ समेत** |
| | धान जोन | औरही गाउँपालिका, जनकनन्दनी गाउँपालिका, कमला नगरपालिका, विदेह नगरपालिका, शहिद नगरपालिका , हँसपुर नगरपालिका (वाड नं.४,६,९), जनकपुर उप-महानगरपालिका (वाड नं. १७ र १८) |
| | आँप जोन | गणेशमान चारनाथ न.पा., मिथिला न.पा., बटेश्वर गा.पा., धनुपाधाम न.पा.(वाड नं. ६ र ९) |
| महोत्तरी | तरकारी जोन | भंगहा न.पा.-४,५ बर्दिवास न.पा.-२,३,४,५,६,७,८,९,१०,११,१२,१३,१४, राम गोपालपुर न.पा.-४,५,६,७,८, औरही न.पा.-४,७,९ गौशाला न.पा.-१,३,५,८,१०,११,१२, सोनमा गा.पा.-४, समसी गा.पा.-१,२,४) |
| | माछा जोन | भंगहा न.पा.-१,२,३,६,७,८, लोहारपट्टी न.पा.-५,६,८,९, राम गोपालपुर न.पा.-१,२,३, औरही न.पा..-१,२,३,५,६,८, गौशाला न.पा.-२,४,६,७,९, सोनमा गा.पा.-२,५,८, समसी गा.पा.-५ तथा **भंगहा न.पा. वडा नं. ९ समेत** |

**पुनश्च** : जग्गाको स्वामित्व वा भोगाधिकार खुल्ने कागजात, प्रमाण उपलब्ध नभएको ऐलानी, पर्ति, नदि उकास र बनक्षेत्र आसपासको जग्गामा उत्पादन/क्षेत्र विस्तार वा सिंचाई विकास कार्यक्रम प्रस्ताव गरेमा त्यस्तो जग्गाको सक्कल प्रमाणित नक्शा र सम्बन्धित स्थानिय तहको सहमति सहितको शिफारिस पत्र (वनक्षेत्र आसपासको जग्गाको हकमा सम्बन्धित वन कार्यालयको सहमति पत्र समेत) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

- आवश्यक कागजात र प्रक्रिया : आवेदन/प्रस्ताव फारममा उल्लेख भए बमोजिम हुनेछ ।
- आवेदन/प्रस्ताव फारम यस कार्यालयको वेबसाइट piudhanusha.pmamp.gov.np तथा जोन प्राविधिक एकाई महोत्तरीको वेबसाइट piumahottari.pmamp.gov.np बाट Download गर्न तथा रित पूर्वक भरिएका आवेदन/प्रस्ताव(हरु) सम्बन्धित कार्यालय(जोन/सुपरजोन फाँट) मा बुझाउन सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु मूल्यांकन/छनौट प्रक्रियामा समावेश हुन नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

...................................
(ललनकुमार सिंह)
वरिष्ठ कृषि अधिकृत

ललन कुमार सिंह
वरिष्ठ कृषि अधिकृत

**नोट : यस सम्बन्धी थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाई धनुषा, जनकपुरधाम/जोन प्राविधिक एकाई महोत्तरी, जलेश्वरमा सर्म्पक राख्न सकिनेछ । सम्पर्क मो.नं. ९८५४०२४२३४/९८५४०२००५३/९८५४०३३१७१**